# प्रधानमन्त्री जंगबहादुर राणाका समयको नेपाल-भोट युद्धको ऐतिहासिक सामग्री

**(गताङ्कको बाँकी)**

२२ काठमाडौंदेखि कुतिको बाटो गरि ल्हासा जान्या वाटाको तपसिल

१ काठमाडौंसहरवाट साषुमा वास ४ कोसको अंदाज छ– ४

२ साषुरापौवा ३॥ कोसमा वास पर्छ साषुवाट उकालो आढाई कोसचढि वह्रालो १ कोसगै वह्रालाका अधमारामा भाजुरा पौवामा वास पुग्छ कोस– ७॥

३ भाजुरा पौवावाट भोटसिपामा वास कोस ४ मा छ भाजुरा पौवादेखि ॥ कोस वह्रालो गै फेदिपुदि फेदिवाट दुग्यान १॥ कोस हिडि ॥ कोस फाटमा हिडि इस्पानीघाट तरि आधापाउ उकालो चढि भिमटारको टारै टारगै पाहाड १ कोस चढि वाहा देखितेर्छो वाटो गै भोटसिपामा वास पुग्छ कोस– ११॥

४ भोटसिपावाट चौतारामा वास ३॥ कोसमा छ. भोटसिपावाट १ कोस वह्रालो गै फलाम सांघुतरि उकालो १ कोस चढि तेर्छो वाटो १॥ कोसगै चौतारामा वास पुग्छ– १५

५ चौतारावाट पैंन्यापौवामा बारा ४ कोसमा छ चौतारादेखि १॥ कोस वह्रालो गै फलाम सांघुतरि तेर्छो १॥ कोस हिडि अर्को फलाम सांघुतरि उकालो १ कोस चढि पैंन्या पौवामा वास पुग्छ कोस– १९

६ पैंन्या पौवावाट फालउमा वास ४ कोसमा छ. वाटोमा पैंन्यावाट उकालो २ पाउचढि ताहादेखि जंगल ३ कोस छ. तेर्छो उकालो ढुंग्यान हिडि भञ्ज्याङ निस्कि भंज्याङवाट तेर्छो वह्रालो हिडि जंगलदेखि वाहिर ॥ कोसगै फाल्हुमा वास पुग्छ कोस– २३

७ फाल्गुवाट धारापानीमा वास ५ कोसमा छ. फाल्गुवाट पाउ भर वह्रालो गई सानु षोलसोतरि. ठाडो उकालो ३ पाउ चढि लिस्निमा पुग्छ. लिस्नि वह्रालो तेर्छो गरि ४ कोसगै धारापानीमा वास पुग्छ कोस– २८

८ धारापानिवाट तातापानिमा वास ४ कोसमा छ. धारापानिवाट ठूलो भिरको काषवाट घोडा लैजान हुन्दैन. येकविसौना गै उकालो अलिकति चढि दुगानाभिरपुग्छ. दुगाना भीरको तल्लोवाटोगया फलाम साघु २ तर्नु पर्छ. माथिल्लो वाटोगया भीरको कापवाटगै. वह्रालो पाउ भर जान्यावित्तिकै सानु षोलसोतरि तातोपानिमा वास पुग्छ सजिलोवाटो फलाम सांघुतरि जान्या कोस ५॥ पर्छ नजिकको वाटो भीरको कापवाट जान्या तफावत १॥ कोसको छ– ३२

९ तातापानिदेषि षासा भन्या गाउँमा वास ४ कोसमा पर्छ तातापानिदेषि ।। कोसमा ढुंगाको सिढिछ घोडा लैजान हुन्दैन. तेस ढुंगाको सेढिदेखि १ कोस गै फलाम साघु छ. त्यो सांघुवारि हाम्रोपारि भोट्याको सांध छुट्टियो साघुको लमाई हात ५० गज मुढ्या हात होला. ताहादेखि २ कोसमा अर्को फलाम सांघु १ छ त्यो साघु १२ हात जसो लमाई होला ताहा देखि ।। कोस गै षासा भन्या गाउं पुग्छ यो गाउं सम्म वाटो पाहाडका काषैकाष छ षासा गाउमा भोट्या घर २० जसो होला येस जगामा भोट्याका सिपाहि १० हुद्दा १ षर्दार १ रहंछन् उनहरुले मानिस जांचि राहादानि दिकुति पठाउंछन् रसद छैन– ३६

षासावाट आधा कोसदेखि कुतिसम्म वास २ मा मार्गदेखि चैत्रसम्म ठुलो हिउं पर्दामा वाटो वनाउन्या अगुवा १ भया दोचालाईकन ज़ान संधै हुन्छ थुनिदैन

१० खासावाट छोस्या भन्या गाउंमा वास कोस ४ मा छ वाटोमा रापति झै खोला वारिपारि गरि जानु पर्छ. षोलाका वारिपारि दुवै तरफ जंगल छ विच विचमा कोस डेढ कोसमा काठको सांघु ५ छ. षोला तर्नु हुन्दैन छोस्या भन्या गाउं अलिकति नपुग्दै पेरो गयाको छ । १०।१५।२०।२५ सम्म सिढी भयाको भज्याङ ३।४ छ पहरोमा फलामको किलो ५।६ टोकि साघु हाल्याको छ. वाटो विकटछ. घोडा लैजान हुन्दैन ५।७ जनाले वोकनु पर्न्या भारि लैजान हुंदैन गाउंमाघर १२।१३ होला रसद पाइदैन ।– ४०

१० छोस्यांवाट कुतिभंन्या गाउ ४।। कोसमा वासपर्छ. वाटोमा षोला वारिपारि गरि वाटोछ. अलिकति जंगल पनि छ विचविचमा काठको सांघु ४ तर्नुपर्छ. कोस ३ गै वास वस्न्या घर १ छ ताहादेखि १।। कोस पाहाडको काषै काष गै. कुति गाउं पुग्छ. जंगल छैन. घोडा चढि जानु हुन्छ हिउँदोमा हिउं पनिपर्छ योकुति गाउंमा घर १०० जसो होला. पत्थरका वनायाको ठुलो घर २ छ येस दुवै घरमा ढेवा वस्याका छन्. तिनका साथमा सिपाहि ६० जदा १ षर्दार १ रह्याकाछ. गाउदेखि मुनि कोसि वस्याको छ. यस कोसिमा काठको पूल वनायाकोछ. दिनमा मानिस वरावर हिडदछन् रातिमा पुल झिकि दिछन् तर्नु हुन्दैन तेस पुलमा २ घर वारिपारि छ. रसद पाईन्छ– ४४

कुतिदेषि टिग्रीसालासम्म वास ५ मा हिउंपर्छ मार्गदेखि चैत्रसम्म ठुलो हिउं पर्दामा नपगल्यासम्म वाटो वन्द हुन्छ चौरि गोटा ४०।५० का वथान १ अगुवालाई गया दोचालाई जान हुन्छ वन्द हुन्दैन–

१२ कुतिवाट झोङ भन्या गाउंमा वास कोस ५।। मावास पर्छ पाहाडका काषवाट घोडा पाल्की लैजान हुन्छ झोङ गाउंमा घर १०।१२ होला सिपाहिहरु कोहि छैनन्. येस गाउंमा पाउ भर माथि फेर्कलिं भन्याको ठुलो गुम्बा छ. तेस्मा लामा २।३ सैहोला रसद. इन्हेरुसित भन्या छ. किन्न मिलन पाइदैन– ४९।।

१३ झोङवाट यारलव भन्या गाउ ८ कोसमा वास पर्छ. घोडा पाल्की लैजान हुन्छ विचविचमा षोल्सा षोल्सि छ. कोस ४ गै काठको सांघु १ तर्नुपर्छ गाउंमा घर १०।१२ होला सिपाहि ४।५ जना र अमालिजस्ता वरह्याका छन् रसद केहि पाइदैन– ५७।।

१४ यारलववाट लंगुर पाहाड मुनि ६ कोसमा वास पर्छ. पाहाडका काषै काष जानुपर्छ. वाटोमा वस्ति केहि छैन विच मैदानमा वस्नुपर्छ कोस– ६३।।

१५ लंगुरपाहाड मुनिवाट टिगरिसालामा कोस ६ मा वास पर्छ कोस ।। उकालो छ कोस ३।। को वह्रालरे छ कोस २ मैदान छ हिंउदोमा हिंउ पनि पर्छ ५।७ दिनको रस्ता पनि वन्द हुन्छ टिगरिसालामा घर ३० जसो होला. वह्रालोका मुषैमा षोला १ छ अघिपछि तर्नुपर्छ पानिपरि षोलो वढदां २।४ घडिसम्म वन्द हुन्छ रसद पाइदैन– ६९।।

१६ टिगरिसालादेखि टिगरिकिल्लामा ३ कोसमा वास पर्छ. वाटामा घोडाहरू वितौल पऱ्यो भन्या भासिन्छ

टिगरि मैदानको पूर्व पश्चिम कोस ६ होला उत्तर दक्षिण कोस १४ होला. मैदानका विचमा षोल्सा षोल्सि छ. किल्ला गाउको विचमा किर्तिपुरको नक्सा थुमको १ छ थुमकामा किल्ला १ छ तेस्मा तालोय १ र चिनिया सिपाहि ५० भोट्या सिपाहि ५०० षर्दार दोभास्या रहंछन् किल्ला वाहिर घर २०० को अंदाज होला रसद अलि अलि किन्न पाइन्छ— ७२॥

<u>जाहासम्म हिउ पर्दामा वाटो थुनिछ</u>

१७ टिगरीकिल्लावाट कोस ३ मा टिगरि मैदानैमा मेरमुङ गाउंमा वास पर्छ. वाटो मैदानैछ किल्लावाट निस्कनि वित्तिकै सानु तर्नु हुन्या षोलो १ छ वाटाका विचमा गाउं २ छ. येस गाउंमा रैतिका घर २०।३० होला येति नाघि मेरमुङ पुग्छ. गाउंमा घर ४० होला चिनिया वस्न्या घर १ छ येस्मा चिनिया १ भोट्या सिपाहि ४ रह्याका छन् रसद अरुलाई पाइदैन— ७५॥

१८ मेरमुङवाट सिकार्जुङमा कोस २ मा वास पर्छ. मेरमुङवाट २ कोसमा अरुन भन्याको षोलो १ छ. वर्षामा तर्नु हुन्दैन. हिउंदोमा तर्नु हुन्छ. यस्मा काठका पूल हाल्याको छ. षोला नाघि कोस १ गै टिगरि मैदान छोडी पाउभर उकालो चढि मैदान छ मैदानवाट पाउभर वह्नालो गै सानु षोलो १ छ वाह्रै मैह्ना तर्नु हुन्छ. खोलोनाघ्या पछि सिकार्जु गाउं सिंभु जस्तो थुमको मुनि छ तेस्मा घर ३ सै जसो होला विचमा गुम्वा १ छ येस गुम्वामा वस्याका लामा ३ सै छन् थुमकामाथि किल्ला १ छ किल्लामा अधिपछि सिपाहि १०० रहंछन् काजपर्दामा ४।५ हजारसम्मका लस्कर रहंछन्. आसपासमा सानु सानु गढि धेर छन् रसद अलिअलि किन्न पाइन्छ कोस— ८२॥

१९ सिकार्जुंवाट दक्षिण हानि गया किसु गाउंको वाटो पर्छ. उत्तर हानि गया कोस ३ गै. लोलो गाउंमा वास पर्छ सिकार्जुंवाट मैदानैमैदान हिडि १॥ कोसका वीचमा. सानु षोलो १ छ हिउंदो वर्षा तर्नु हुन्छ. वाहादेखि १॥ कोसमा लोलोगाउमा वास पुग्छ गाउँमा घर १५० होला रसद पाइदैन— ८५॥

२० लोलोगाउंवाट थाक्या भन्या चिनियाको डाक वस्न्या जगामा ५ कोसमा वास पर्छ. लोलो गाउंवाट षोल्साको तिरैतिर हिडिकोस १॥ जसोमा षोलोज घारतरि मैदान पौने येककोस हिडि ह्लाकुलु भन्या सानु डाडो १ छ पाउभर उकालो गै केहि वह्नालो जानुपर्छ. वाहादेषि अर्को षोला १ तर्नुपर्छ. फेरि पाउभर वह्नालो गै षोलाको तिर २॥ कोस गै थाक्या भन्याको जगामा पुग्छ चिनिया डाक रह्याको घर १ र अरु घर ४।५ छ रसद पाइर्दैन— ९०॥

२१ थाक्यावाट थास्यु भन्या चिनिया डाक वस्न्या जगामा ७ कोसमा वास पर्छ थाक्यावाट ग्यांछोला भन्याको लंगुर उकालो ३ कोसमाथि चढि ४ कोस वह्नालो ढुंग्यान .वह्नलो थास्युंमा पुग्छ चिनिञा डाक घर १ मात्र छ ठुलो हिउंपर्दा ग्यांछोला भन्याको डांडामा वाटो थुनिछ रसद पाइदैन— ९७॥

२२ थास्युंवाट ह्लचिजुंमा ९ कोसमा वास पर्छ थास्युंवाट षोल्सा ४ कोस हिडि व्रह्मपुत्रको दोभानमा पुग्छ. दोभानमा घर ५।६ छ. दोभान नेराषालसो तरि मैदानैमैदान हिडि ५ कोसमा ह्लचिजुंङमा पुग्छ. डिगर्चा लामाको किल्ला १ र गुम्वा १ र घर ३०० छन् किल्लामा ढेवा २ भोट्या सिपाहि २० छन् खजाना भन्या १ हजारलाई तैयारि छ भंछन् गुंवामा लामा ७०० छन् किल्लावाट व्रह्मपुत्रको पानि झिकनु हुन्छ रसद अरुलाई पनि पाइन्छ— १०६॥

२३ ह्लचिजुंवाट फिजोलि ८ कोसमा वासपर्छ. ल्हचिजु वाट व्रह्मपुत्रको किनारै किनार ३ कोसगै घर ५० को गाउं १ छ वेसाहा पाइदैन ताहादेखि फेरि व्रह्मपुत्रको तिरैतिर ४ कोसगै सानु लंगुर १ छ. त्यस लंगुरमा पाउ भर उकालो चढि पाउभर तेर्छो गै तेर्छोवाटो घटिया छ. तेर्छोगै पाउभर वह्नालो जानुपर्छ. ताहादेखि मैदान पाउभरगै फिगोलि किल्ला गुंवामा पुग्छ. किल्लामा ढेवा २ र भोट्या सिपाहि ५० छन् षजान्या भन्या १ हजार जवानलाई तैयारि

होला भन्छन् चिनिया डाक पनि छ गुंबामा लामा ७०० छन् गाउंमा घर १।। सैहोला अरूलाई रसद पाउदैन– ११४।।

२४ फिंगोलिवाट जिलुंगाउ ४ कोसमा वास पर्छ. फिंगोलिवाट मैदानैमैदान २ कोस गै घर ६० जसो भयाको गाउं १ छ गाउंवाट पाउभर गै सानु षोलसो १ तरि मैदानैमैदान १ कोसगै. सानु लंगुर १ मा पुग्छ लुंगुरको षोल्सैषोल्सो डेदयाड गै मैदान पुग्छ. मैदान डेढ कोसगै जिलुंगाउं पुग्छ गाउंमा घर २०० होला. चिनिया डाक पनि छ अरुलाई रसद पाउंदैन– ११८।।

२५ जिलुंवाट कोस ४ गै स्याफगिति भन्या गाउंमा वास पर्छ. जिलुंवाट मैदानैमैदान २।। कोस गै सानु षोल्सा १ जघार तरि मैदानै मैदान १।। कोसको वाटो हिंडि स्याफगिति गाउंमा पुग्छ गाउंमा घर १ सै होला चिनिया डाक पनि छ रसद पाइदैन– १२२।।

२६ स्याफगितिवाट कोस ५ गै षाजि भन्या गुम्वामा वास पर्छ स्याफगितिवाट मैदान पाउभर गै. सानु नदि छ हिउंदोमा तर्नु हुन्छ वर्षामा भोट्या पूल वनायाको छ. घोडा वयल चल्छ. पूलवाट हेर्दा माथिलामाको गुम्वा १ देखिछ. ताहा जानु पर्दैन. पूलवाट मैदानै मैदान ४।। कोस गै षाजि गाउंमा पुग्छ गाउंमा गुम्वा छ लामा ५ सै छन् गाउंमा घर १५ सै होला रसद पाउदैन– १२७।।

२७ षाजिवाट कोस ७ गै डिगर्चामा वास पर्छ. षाजिवाट मैदानै मैदान सिकार्जुवाट २ वाटो फाटि आउन्या. येस ठाउँमा मिल्छ. त्यो मैदान ठुलो छ हिउं पर्दैन कोस २ गै च्यागरिगाउं १ छ घर ४० होला ताहा देषि १ कोसमा नर्टांगाउ १ र गुम्वा १ छ. तेस्मा लामा ३०० छन् गाउंमा घर १५० होला ताहादेषि डिगर्चासम्म पानि छैन मैदान ४ कोस गै डिगर्चा पुग्छ डिगर्चाको नक्सा थानकोटको डवल छ. पश्चिम तरफ पाहाड छ गाउंमा रैतिका घर १५ सै होला. भोट्यनिवार कस्मैरि चिनिया सवै वसदछन् वजार पनि छ. सहरदेषि पश्चिम उत्तरका कुनामा सिमु भन्दा आधा जसो पाहाडको थुमको छ. तेस्मा वलियो किल्ला १ छ. तेस किल्लामा हतियार. षजाना रसद १० हजार मानिसलाई १० वर्षसम्म- लाई पुगन्या गरि तैयारि छ भन्छन् किल्लामा रषवार राजा लामाका मानिस ढेवा ६ जना र अरु सिपाहि ३ सै होला. किल्ला मुनि मैदानमा अर्को सानु किल्लामा अम्वा तरफको तालोय १ र चिनिया सिपाहि १४० जना सानु किल्लाभित्र रहंछन् फाफुं षजांचि १ राजा लामा तर्फका ढेवं २ भोट्या सिपाहि १ हजार डिगर्चा गाउँमा रहंछन् ताहादेषि पश्चिम तर्फका गुम्वामा लामा ३ हजार छन् ताहादेखि दक्षिण डिगर्चा लामाको वडोघर १ छ तेसघरमा २।४ सै नोकर कारोवारिहरु रह्याका छन् तेसघरको नाउ धिजुंफरान् भंछन् धनकुट्टावाट पश्चिम हानि गयाको वाटो अहि जोरिन आउछ. तेसदेखि पूर्व यसैलामाको ठुलो अर्कोघर १ छ उस घरमा पनि २।४ सै मानिस छन् हाति घोडा पनि पाल्याका छन्. येस घरदेषि पूर्वपट्टि वाटोमा ठुलो षोलो १ छ तेस षोलामा वागमतिका पूल भंदा पनि ठुलो पूल वनायाको छ रसद पाईंछ– १३४।।

२८ डिगर्चावाट कोस ७ मा पैनाझों गाउंमा वास पर्छ डिगर्चामुनि ठुलो पूल छ पूल पारि वाटो २ फाट्याको छ. दक्षिणतर्फ गयो भन्या पैना भन्या ठाउंमा पुग्छ. उत्तरतिरवाट गया पैतिझुमा मिल्छ. दिगर्चाको पूलतरि १ कोस उत्तर गै ब्रह्मपुत्र तरि स्याङनामालिझोङ किल्लावाट ल्हौझोङ किल्ला पुगि २ लंगुर नाघिगया डिगर्चादेषि १३ दिनमा ल्हासा पुग्छ डिगर्चाका पश्चिम उत्तरका कुनावाट ब्रह्मपुत्र १ आयाको छ तेस षोलामा विनानाउले तर्नु हुन्दैन ब्रह्मपुत्र छाडि पारि मैदानैमैदान सडकवाट जानुपर्छ. यो सडकमा वगि लैजान हुन्छ वास पुगन पाउभर वाकि छंदा गाधुं भन्याको गुम्वा १ छ येस गुम्वामा लामा ३ सै छन्. ताहावाट पाउभर गै पैनाझोङ किल्ला पुग्छ यो किल्ला कस्तो छ भन्या सिमुका थुमको भन्दा थोरै सानु थुमको छ मुनिवाट गाउंघर ३ सै होला. थुमका माथि किल्ला छ. षजाना थोर वहुत माल छ वहुतै छैन भन्छन् किल्लाका वरिपरि भोट्या भारदारहरुका घर २५।३० होला किल्लाभित्र ४०।५० जना मानिस

होला रसद पाइन्छ– १४१॥

२९ फेनाझोङ किल्लावाट कोस ९ गै. ग्याचिझोङ किल्लामा वास पर्छ. षोलाको किनारै किनार मैदानवाट १ कोसमा स्योवु भन्याको गाउं १ छ तेस गाउँमा घर ५०।६० छन् मानिस १५०।२०० होला ताहावाट १ कोसगै रिंजिघां भन्याको गाउं १ छ. घर ४० मानिस २०० सै होला चिनिया डाक पनि वस्याको छ ताहावाट १॥ कोसगै. तापचो भन्याको गाउं १ छ तेस गाउंमा घर ४० मानिस २ सै होला येस गाउंका वाटामाथि ङाडोयेकिपु भन्याको गुम्वा १ छ जटापालन्या लामा ३ सै छन्. ताहावाट ५॥ कोसगै ग्याचिझोङ पुग्छ. वाटामा साना साना गाउ गुम्वाहरु २।४ छन् ग्याचिझोङका उत्तर दक्षिण २ थुमको छ विचमा ६।७ सै घरको गाउं १ छ. गाउंमा नेवार भोट्या चिनिया गरि ३।४ हजार होला दक्षिणपट्टि थुमको माथि किल्ला छ मानिस १५० सै होला. किल्ला मुनि दक्षिणतिर झोङ भन्याको गाउं जस्तो छ. तेस्मा चिनिया तालोय १ सिपाहि ४०।५० भोट्या सिपाहि ५ सै रह्याका छन् उत्तर पट्टि थुमकामा ठुलो गुम्वा १ छ येस गुम्वामा लामाहरु १५।१६ सै छन् गाउ किल्ला गुम्वा नजिकमा भोट्या भारादारहरुको वगैंचा स्मेतको ४०।५० घर छन् रसद पाइन्छ इनै भारदारका तैनाथमा पंचहतियारली. सवारि गर्न्या सिपाहि १३ सै छन् काम पर्दामा सामेल हुन्या सिपाहि २७५० छन्– ४५०।५०

३० ग्यांचिझोङवाट कोस ७ गै घोपसि भन्याको गाउंमा पुग्छ पूर्व १ कोसगै धनकुट्टावाट फाटि आयाको वाटो भेटिन्छ. षोलाको किनारै किनार मैदान वाटामा सानु सानु गाउ ३।४ नाघि घोपसि भन्याको गाउं पुग्छ येस गाउंमा घर ३० होला चिनियाको डाक छ रसद पाइदैन– १५७॥

३१ घोपसिवाट कोस ६ गै ह्लु भन्याको गाउंमा वास पर्छ पाउभर गयापछि षोलो १ छ १५।२० हातको लमाई होला हिउंदोमा तर्नु हुन्छ वर्षामा काठको सांघुलायाको छ घोडा चल्छ आहावाट कोस १ गै फेरि अर्को षोला १ छ काठको साघु हाल्याको छ यो षोला २ तरि सक्यापछि ४॥। कोसगै ह्लुं गाउंमा पुग्छ. वाटामा साना साना गाउं ५।७ पनि छन् चिनिया डाकपनि छ गाउंमा ३०।४० घर होला मानिस १५० जसो होला आहा देखि हिउंपर्छ रसद पाइदैन १६३॥

३२ ल्हलुंवाट कोस ९ गै नागार्चिझुंमा वास पर्छ ५ कोस खोलाका किनार मैदानवाट हिमालयका काषै काष नैंचिषासा भन्याको लंगुर ठुलो १ छ हिउंछ हिउं भयाको ठाउं पुगि २ कोस वह्लालो झरि सिला भन्याको गाउं पुग्छ घर १५ होला. साह्रै जाडो हुन्छ हिउं पर्दामा १।२ दिन वाटो थुनिछ ताहावाट कोस २ मा नागार्चिझुं पुग्छ गाउंमा घर १ सै होला किल्ला १ पनि छ किल्ला मा ८०।९० जना मानिस होला चिनिया डाक पनि छ. रसद पाइदैन– १७२॥

३३ नागार्चिझुंङवाट कोस ६ गै पैतिझुं भन्याको गाउंमा वास पर्छ डिगर्चा मुनि पूल पारिदेखि काट्याको वाटो. आहा मिलन आउंछ. नागार्चिझुंदेखि पोखरिका किनारै किनार मैदानवाट घोडा स्मेत लैजानु हुन्छ. यो षरिका पानि षानु हुन्दैन. वाटामा साना ३।४ नाघि पैतिझुं पुग्छ घर ४०।५० होला मानिस २।३ सै छन् गाउंका किनारामा किल्ला १ छ ताहा ३०।४० जना मानिस वस्याका छन् रसद पाइदैन– १७८॥

३४ पैतिझुंवाट कोस ५ गै कामाफासि भन्याको गाउं पुग्छ कोस १ जति पोषरिका छेउ मैदानवाट गै पावाल्हाको ठुलो लंगुर उकालो पुग्छ. १। कोस उकालो चढि २॥। कोस वह्लालो गै कामाफासि पुग्छ गाउंमा घर १० होला मानिस ५०।६० जना होला चिनिया डाक पनि छ. रसद पाउंछ– १८३॥

३५ कामा फासिवाट कोस ५ गै छुस्यु भन्याको गाउंमा वास पर्छ कोस १ गै जांसो भन्याको गाउ १ छ यस गाउंमा घर ५० मानिस २५० होला. ताहावाट घर १०।१५ मानिस ७०।८० होला ताहां पाहाड १ छ तेस पाहाडमा साना ठुला गरि गुंवा १०८ छन् लामा १५ सै होला गुंवामुनि व्रह्मपुत्रका फलाम साघु छ तेस फलाम साघुमुनिवाट नाउतरि

जांछन् वर्षामा नाउ चल्दैन. छालाका नाउमा वसि तर्नुपर्छ. षोलापारि वगरउ छ घर ५० मानिस २५० होला ताहावाट गै छु स्युझुं पुग्छ गाउँमा घर ३० मानिस ५।६ सै होला गाउंका माथिवाट किल्ला छ दाहिना पट्टि व्रह्मपुत्र नदिछ वाउँपट्टि छुस्युंको किल्लामा ढोका २ छ. येस ढोकाभित्र पसिजानु पर्छ अर्को वाटो छैन षजाना रसद छ मानिस भन्या ३० जना होला— १८८॥

३६ छुस्युझुंवाट कोस ५ गै छपताङ भन्याको गाउंमा वास पर्छ. षोलाको किनारै किनार १ कोसगैजा भन्याको गाउं १ छ तेस गाउंमा घर ४० मानिस २ सै होला. ताहावाट गै. छपनाङ पुग्छ यो छपनाङ गाउँमा घर १ सै मानिस ४।५ सै होला रसद पाईन्छ— १९३॥

३७ छपनाङवाट कोस ७ गै नेटां भन्याको गाउमा वास पर्छ. वाटो पाहाडका काषैकाष भीरवाट जानुपर्छ १॥ हातगजको काषको वाटो ५०।४०।३०।२० हात लम्वाई भयाको छ. वीचवीचमा सानुसानु मैदान छ गुंवाहरुपनि ३।४ छ. गाउं गुंवामा मानिस २।३ सै होला रसद पाइदैन— २००॥

३८ नेटांवाट कोस ६ गै ल्हासामा पुग्छ. वाटो मैदानैमैदान कोस ३ गै लुलुंगाउ १ छ घर ३० जसो होला. यस गाउँका वीचमा उत्तरा दिशावाट खोलो १ आयाको छ यस खोलामा वार्‍है मैह्ना पूल छ आहा देखि येहि खोलाका किनारै किनार पाहाडका काषै काष काहिकाहि मैदान ३ कोस गै ल्हासा सहर पुग्छ ल्हासा मैदानैमा छ सहरका विचमा देवताका स्थान लवरान भन्याको भोट सर्कारका कारिन्दा कचहरि वहम्या चौघरा ठुलाछन्. यो चौघरा वनायाको १८ सै वर्ष भयो भन्छन् इनै देवताका स्थान वरिपरि सहर वजार छन् घर २॥ हजार होला सहरका ४ कुनामा ४ काजीका ठुलाठुला घर ४ छन् सहर देषि दक्षिण तरफ षोलाका किनारमा अम्वा २ वस्न्या दर्वार २ छन् सिपाहि गैन्ह १ हजार जवान होला. यसै सहरका दक्षिण तर्फ फाफुं भन्याको षजांचि रहेछ. सहरका उत्तरतिर टपचि भन्याको छाउनि १ छ चिनिया भोट्यागरि सिपाहि २॥ हजार होला. सहरका पश्चिम तर्फ सिंभु भंदा ४ षंडको १ षंड ठुलो पाहाड १ छ. तेस पाहाडमा लामा वस्न्या पोतल्हा किल्लाछ. तेसै किल्लाका वरिपरि गरि अनाज पनि छ किल्ला भित्र ७ लामा का मसान छन् भर भोट जिल्लाका ढुकुटि पनि यहिंरहन्छ यस किल्लादेषि पश्चिम उत्तरपट्टि पानिको ठुलो षाडि १ गयाको छ चौडा कोस ३ लमाई कोस ६ होला. यस खाडिको किनारैका पाहाडको काषमा २ गुंवा ठुला ठुला छन् १ को नाउ सिरा १ को नाउं ढेपुं भंछन् इगुंवामा वस्न्याका लामा १४ हजार होला रसद पाइन्छ— २०६॥

(क्रमशः)